## अनुसूची ५

## दोस्रो प्रारम्भिक भेला : निर्णयहरूको नमुना

मिति २०...।...।... का दिन हामी तपसिलका व्यक्तिहरूको उपस्थितिमा प्रस्तावित ... ... ... ... ... ...सहकारी संस्थाको तदर्थ सञ्चालक समितिका अध्यक्ष श्री ... ... ... ... ... ... को अध्यक्षतामा दोस्रो भेला बसी विविध विषयहरू माथि गहन छलफल गरी सान्दर्भिक निर्णय लिइयो ।

| सि. नं. | नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

**प्रस्तावहरू**

१. मस्यौदा विनियम पारित गर्ने;
२. कार्ययोजना एवं सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारूप स्वीकृत गर्ने;
३. संस्था दर्ता गर्न अधिकार प्रत्यायोजन गर्ने;
४. संस्था दर्तापश्चात् सेयर र सदस्य प्रवेश शुल्कबापत उठेको रकम बैङ्कमा खाता खोली जम्मा गर्ने तथा खाता सञ्चालन गर्ने;
५. स्व-घोषणा-पत्रमा सहीछाप गर्ने;
६. आर्थिक तथा प्रशासनिक नियमावली [एवं बचत परिचालन गर्ने संस्थाको हकमा बचत परिचालन निर्देशिका] पारित गर्ने र
७. विविध ।

**निर्णयहरू**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रस्तावित ... ... ... ... ... ...सहकारी संस्था लि. को विनियम बनाउनका लागि मिति २०...।...।... मा श्री ... ...

… … … … को संयोजकत्वमा गठित मस्यौदा समितिले पेस गरेको विनियमको मस्यौदामाथि भेलामा व्यापक छलफल गरी सर्वसम्मतिले पारित गर्ने निर्णयका साथै विनियमको प्रत्येक पानामा तदर्थ सञ्चालक समितिका सदस्यहरूका साथै अटेसम्म सबै जनाले हस्ताक्षर गर्ने निर्णयसमेत भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा तर्जुमा समितिहरूले पेस गरेका कार्ययोजनाको प्रारूपका साथै सम्भाव्यता अध्ययन प्रतिवेदनमा सम्बन्धमा छलफल गरी सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३**

यस सम्बन्धमा छलफल गर्दा प्रस्तावित … … … … … …सहकारी संस्था लि. दर्ता गर्ने सिलसिलामा सबै सदस्यहरू सम्बन्धित निकायमा उपस्थित भएर कार्य गर्न विभिन्न व्यावहारिक कठिनाइले गर्दा संस्था दर्ता गर्न एवं विनियमलगायतका अन्य कागजातमा आवश्यक सामान्य थपघट गरी प्रमाणित गर्नका लागि तदर्थ सञ्चालक समितिका … … … … … … श्री … … … … … …, … … … … … … श्री … … … … … … र … … … … … … श्री … … … … … …समेतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस संस्थाका सदस्यहरूबाट उठेको सेयर तथा प्रवेश शुल्कबापतका रकम हाल तदर्थ सञ्चालक समितिका … … … … … … श्री … … … … … … को जिम्मामा रहेकोमा संस्था दर्ता भएपश्चात् … … … … … … बैङ्कमा तदर्थ सञ्चालक समितिका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी संस्थाको नाममा खाता खोल्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

यस सम्बन्धमा तदर्थ सञ्चालक समितिका तर्फबाट पेस भएको स्व-घोषणा-पत्रको बेहोराको मस्यौदाउपर छलफल गरी सर्वसम्मतिले पारित गरेर सबै जनाले सहीछाप गर्ने निर्णय भयो ।

**निर्णय नं. ६**

मस्यौदा समितिहरूले पेस गरेका संस्थाको आर्थिक तथा प्रशासनिक नियमावली र [बचत परिचालन गर्ने संस्थाको हकमा] बचत परिचालन निर्देशिकाउपर व्यापक छलफल गरी पारित गरियो ।

**निर्णय नं. ७**

... ... ... ...
... ... ... ...
... ... ... ... ।